**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

1. विदेश मन्त्री एस. जयशंकरले क्वाड हिन्द-प्रशान्त क्षेत्रको प्रमुख संयन्त्र मध्ये एक रहेको बताउनु भएको छ।
2. माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु राष्ट्रपति द्रौपदी मुर्मुको निमन्त्रणामा पाँचदिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नु भएको छ।
3. पश्चिम बंगालमा आरजी कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला डाक्टरको दुष्कर्म पछि हत्याको सम्बन्धमा ६ जुनियर डाक्टरहरूले अनिश्चितकालीन अनशन सुरु गरेका छन्।
4. राज्य सरकारको पत्र प्राप्त भएपछि हाल पहाडका ८ वटा श्रमिक संगठनहरूको समन्वय मञ्चले चिया कमानहरूमा बोनस सम्बन्धी सबै आन्दोलन स्थगित गर्ने निर्णय लिएको छ।
5. नाटककार, निर्देशक एवम् पूर्व प्रशासनिक अधिकारी पी अर्जुनको आज अन्तिम संस्कार गरियो।

**विदेश मन्त्री**

विदेश मन्त्री एस. जयशंकरले क्वाडले संस्थागत सहयोगका सबै परम्परागत मोडेलहरूलाई अस्वीकार गर्दछ अनि यसका कारण यो धेरै नवीन रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा तेस्रो कौटिल्य आर्थिक सम्मेलनमा उहाँले क्वाड हिन्द-प्रशान्त क्षेत्रको प्रमुख संयन्त्र मध्ये एक रहेको बताउनु भएको छ।

****** ० ******

**माल्दिभ्स राष्ट्रपति**

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु राष्ट्रपति द्रौपदी मुर्मुको निमन्त्रणामा पाँचदिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नु भएको छ। पदभार ग्रहण गरेपछि उहाँको यो पहिलो भारत भ्रमण हो। भ्रमणका क्रममा श्री मुइज्जुले राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी अनि सरकारका अन्य वरिष्ठ अधिकारीसँग उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम छ। विदेशमन्त्री एस. जयशंकरले बेलुका श्री मुइज्जु सँग भेट गर्नु हुनेछ। उहाँलाई राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिने छ।

****** ० ******

**आरजी कर**

पश्चिम बंगालमा आरजी कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला डाक्टरको दुष्कर्म पछि हत्याको सम्बन्धमा ६ जुनियर डाक्टरहरूले अनिश्चितकालीन अनशन सुरु गरेका छन्। यी डाक्टरहरुले बिरामीको उपचार जारी राख्ने र अनिश्चितकालीन अनशनमा एकैसाथ बस्ने बताएका छन्। राज्य सरकारले आफ्ना १० बुँदे माग पूरा गर्न नसकेको डाक्टरहरुको आरोप छ। यसै सम्बन्धमा उत्तर बङ्गाल मेडिकल कलेज तथा अस्पतालको आपतकालीन विभागको अघिपट्टि अस्थायी मंच बनाएर आज जुनियर डाक्टर भोक हड्तालमा बसेका छन्। यो भोक हड्ताल भोलि बिहान १० बजेर ३० मिनेट सम्म जारि रहने छ। यसको लगत्तै पछि दुइजना जुनियर डाक्टरले त्यसै मंचमा भोक हड्ताल शुरु गर्नेछन्।

****** ० ******

**जयनगर-नाबालिका**

दक्षिण २४ परगनाको जयनगरको कृपाखली क्षेत्रमा चौथो कक्षामा अध्ययनरत एक नाबालिग छात्रासँग दुष्कर्म र हत्याको विरोधमा भाजपाले दोषीलाई कडा सजायको माग गर्दै कुलतली थाना चलो कार्यक्रम आयोजना गरेको छ। अर्कोतर्फ जयनगरको महिषामारी बजारमा आज पनि गाउँलेको विरोध जारी रह्यो। जानकारी अनुसार नाबालिग छात्राको दुष्कर्म र हत्याको विरोधमा भाजपाले आज जयनगरको महिषामारी बजारमा र्‍याली निकालेको थियो। यस र्‍यालीमा भाजपा प्रदेश अध्यक्ष तथा केन्द्रीय मन्त्री डा सुकान्त मजुमदार, भाजपा नेता अग्निमित्र पाल, भाजपा सांसद ज्योतिर्मय सिंह महतो लगायत अन्यको सहभागिता थियो। यसै क्रममा सुकान्त मजुमदारले मुख्यमन्त्रीको राजीनामाको माग गर्दै एकपछि अर्को दुष्कर्मका घटना भइरहेकाले पश्चिम बंगाल

अहिले दुष्कर्मको राजधानी बनेको बताउनुभयो। उल्लेखनीय छ कि दक्षिण 24 परगना जिल्लाको जयनगरमा एक नौ वर्षीया बालिका अचानक हराएकी थिइन्। यसैबीच शुक्रबार राति जयनगरको महिषामारी क्षेत्रमा रहेको जलाशयबाट बालिकाको शव फेला परेको थियो। यता पुलिसले बालिका निखोज भएको सम्बन्धमा प्राथमिकी दर्ता गर्न ढिलाइ गरेको भन्दै जनताले घोर विरोध गरेका थिए भने घटना भएको तीन चार घण्टामा पुलिसले आरोपीलाई पक्राउ गरेको थियो।

****** ० ******

**जातगोष्ठि सभा**

गोर्खाका छुटेका जातगोष्ठिलाई जनजाति मान्यता दिलाउने सम्बन्धित मुद्दालाई संयुक्त रुपमा अघि बढाउन सिक्किमका मुख्यमन्त्री पीएस गोलेको अध्यक्षतामा आज पश्चिम बंगाल र सिक्किमको उच्चस्तरीय संयुक्त बैठक सिलगढीमा सम्पन्न भयो। बैठकमा दार्जिलिङका लोकसभा सांसद राजु विष्ट, सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बा, राज्यसभा सांसद डि.टी लेप्चा, सिक्किम विधानसभा उपाध्यक्ष राजकुमारी थापा, सिक्किम सरकारका मन्त्री, विधायक, दार्जीलिङ र कलचिनीका विधायक, साथै सिक्किम र पश्चिम बंगाल राज्यका जनजाति बन्नबाट छुटेका समुदायका प्रतिनिधिहरू उपस्थित थिए। बैठकको प्रारम्भमा दार्जिलिङका सांसद राजु विष्टले सभाध्यक्षलाई खादा अर्पण गरी न्यानो स्वागत जनाउनु भयो। यसपछि सिक्किम सरकारका कल्याण विभागीय सचिव सारिका प्रधानले सम्बन्धित विषयमाथि पावर पोइन्ट प्रस्तुति दिनु भएको थियो। सभामा सिक्किम सरकारका मन्त्री राजु बस्नेतले संक्षिप्त विवरण प्रस्तुत गर्नुभयो। क्रमैले राज्यसभा सांसद डीटी लेप्चा, दार्जीलिङका सांसद राजु विष्ट अनि सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बाले पनि सभामा आफ्नो वक्तव्य राखा थिए। छुटेका १२ जात गोष्ठीलाई जनजातिको मान्यता दिलाउने प्रयासलाई तीव्रता दिन आयोजन गरिएको यस सभामा खुल्ला विमर्श पनि गरिएको थियो जहाँ सबैले आआफ्नो विचार अनि सल्लाह-सुझाव राखे।

****** ० ******

**दार्जीलिङ समन्वय मञ्च**

राज्य सरकारको पत्र प्राप्त भएपछि हाल पहाडका 8 वटा श्रमिक संगठनहरूको समन्वय मञ्चले चिया कमानहरूमा बोनस सम्बन्धी सबै आन्दोलन स्थगित गर्ने निर्णय लिएको छ। सङ्गठनको भोलि सिलगढीको अतिरिक्त श्रमायुक्त कार्यालय घेराउ, कमानमा धरना र प्रदर्शन गर्ने सबै प्रस्तावित कार्य सूचीहरू पनि 6 नोभेम्बरसम्मका लागि स्थगित गरिएको छ । उल्लेखनीय छ, राज्यको श्रम विभागद्वारा हिजो २० प्रतिशत बोनसको मागबारे आउँदो ६ नोभेम्बर कोलकाताको श्रम मन्त्रालयमा अपरान्ह २ बजीदेखि बैठक हुने जनाउँदै पहाडका 8 वटा ट्रेड युनियनहरूलाई पत्राचार गरिएको छ। उक्त पत्रपछि नै आज दार्जीलिङमा सम्पूर्ण 8 वटा श्रमिक संगठनहरूले बैठक गरेर यो निर्णय लिएको हो। आज आठवटै श्रमिक संगठनले बैठकपछि पत्रकार सम्मेलन गरी यस्तो घोषणा गरेका हुन् । संगठनका सदस्य सुरज सुब्बा र समन पाठकले १६ प्रतिशत बोनस स्वीकार नगर्ने बताउँदै पहाडका चियाकमानका श्रमिकहरूलाई २० प्रतिशत पूजा बोनस दिनुपर्ने आफूहरूको माग रहेको बताए। यही मागलाई लिएर श्रम विभागले 6 नोभेम्बरमा कोलकातामा बैठक बोलाएको छ। त्यसैले चाडपर्वलाई ध्यानमा राखेर तत्कालका लागि आन्दोलन स्थगित गरिएको उनीहरूले जनाए। तर त्यो बैठकमा जानुअघि ५० हजार चिया श्रमिकहरूकोको हस्ताक्षर संकलन गरिने पनि उनीहरूले जनाएका छन्।

****** ० ******

**अनित थापा-पत्राचार**

जीटीए क्षेत्रका बन्द चिया बगानका श्रमिकहरूलाई एकमुष्ट राहत भुक्तानीको माग गर्दै जीटीए प्रमुख कार्यपाल अनित थापाले राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीलाई पत्राचार गर्नु भएको छ। आज एउटा प्रेस विज्ञप्ति जारी गरेर श्री थापाले यसबारे जानकारी गराउनु भएको हो। मुख्यमन्त्रीलाई लेखेको पत्रमा चिया बगान बन्द भएका कारण श्रमिकहरूले सामना गरिरहेको गम्भीर आर्थिक कठिनाई, गरिबी र खाद्य असुरक्षालाई उजागर गरेकोए दार्जिलिङ र कालेबुङमा चिया उद्योगको ऐतिहासिक र आर्थिक महत्व र श्रमिकहरूले राज्यको अर्थतन्त्र र सम्पदामा पुऱ्याएको महत्वपूर्ण योगदानलाई प्रकाश पारेको थापाले बताउनु भएको छ। यसको साथै दार्जीलिङ र कालेबुङका श्रमिकहरूका लागि आर्थिक राहत प्याकेजको माग पनि उहाँले पत्र मार्फत गरेको जनाउनु भएको छ।

****** ० ******

**पी.अर्जुन अन्तिम संस्कार**

नाटककार, निर्देशक एवम् पूर्व प्रशासनिक अधिकारी पी. अर्जुनको आज अन्तिम संस्कार गरियो। सालबारीस्थित निवासमा उहाँलाई अन्तिम श्रद्धाञ्जलि चढ़ाउनेहरूहरूको भीड़ लागेको थियो। अपरान्ह १ बजीतिर उहाँको शवयात्रा सालबारीस्थित अम्बाधुराबाट निकालिएको थियो भने सिलगढ़ीस्थित रामघाटमा उहाँको अन्तिम संस्कार गरियो। उहाँलाई अन्तिम श्रद्धाञ्जलि चढ़ाउन गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरुङ, क्रामाकपा नेता अरूण घतानी लगायत अन्यान्य नेतृत्वहरू सालबारीस्थित उहाँको निवासमा पुगेका थिए। उल्लेखनीय छ, गत २ अक्टोबरको दिन फोक्सोसम्बन्धी समस्या भएपछि सिलगढीको एउटा निजी नर्सिङ होममा उहाँलाई भर्ना गरिएको थियो भने हिजो उपचारको क्रममा उहाँको निधन भएको हो। पी. अर्जुन पहाडका एक बहुप्रतिभाशाली व्यक्तित्व, नाट्य जगतका धरोहर, वरिष्ठ उद्घोषक, सर्जक, कुशल प्रशासक, गीतकारसँगै एक प्रखर वक्ता थिए। यसको साथै गोर्खा जनमुक्ति मोर्चाको नेतृत्वमा भएको २००७ को गोर्खाल्याण्ड आन्दोलनमा पनि उहाँले सक्रिय भूमिका निर्वाह गरेका थिए भने गोजमुमोको स्टडी फोरमका पनि उहाँ सदस्य हुनुन्थ्यो।

****** ० ******

**स्पेशल ट्रेन**

नवरात्रिको छुट्टीमा यात्रीहरूको संख्यामा तीव्र बढ़ोतरीभएकोले फेस्टिव सीजनलाई मध्यनजर राख्दै भारतीय रेलवेले नवरात्रिदेखि लिएर छठ पूजासम्मको अवधिमा यात्रीहरूको सुविधाको निम्ति ४०० स्पेशल ट्रेन शुरु गरेको छ। फेस्टिव सीजनमा यी स्पेशल ट्रेनले ५६७५ फेरा (ट्रिप) लगाउनेछन् यस अघाडी २०२३ मा फेस्टिव स्पेशल ट्रेनहरूले कूल ४४२६ फेरा लगाएका थिए। यस साल यात्रीहरूको सुविधाको निम्ति स्पेशल ट्रेन पछिल्लो सालको तुलनामा १५४६ अधिक फेरा (ट्रीप) लगाउनेछन्।

****** ० ******

**तीनधारे**

तीनधारे वरिष्ठ नागरिक कल्याण संगठनको आयोजनामा तीनधारेमा प्रौढ दिवस साथै सम्मान कार्यक्रम आयोजना गरिएको छ। उक्त सम्मान कार्यक्रममा तीनधारेका सुपुत्र प्राध्यापक डा. अमीर दर्जीलाई सम्मान जनाइएको छ। यस कार्यक्रममा संगठनको दिवंगत भएका सदस्यहरूलाई श्रध्दाञ्जली अर्पण गर्नको साथै संगठनको नयाँ सदस्यहरूलाई स्वागतसहित परिचय गराइएको थियो। वरिष्ठ नागरिक कल्याण संगठन तीनधारेको संयुक्त सचिव सुरेशचन्द्र दर्नालले सञ्चालन गरेको कार्यक्रममा प्रौढ दिवस विषयमा बीबी गुरुङ अनि संगठनको सचिव पूर्ण मास्केद्वारा वक्तव्य राखिएको थियो।

****** ० ******

************